निर्णय प्रमाणित
०७५।२।३०

# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

चौधौं नगर कार्यपालिका बैठकको निर्णयहरु

आज मिति २०७५ जेष्ठ ३० मा १५:३० बजे धरान उपमहानगरपालिकाको चौधौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री तारा सुब्बाको अध्यक्षतामा बसि देहाय बमोजिमको निर्णय गरियो।

**सहभागिता:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मञ्जु भण्डारी सुवेदी | उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री विनोद मानन्धर | का.वा. वडा अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | *अनुपस्थित* |
| ८ | श्री भुवान सिं बस्नेत | वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री जिवनराज सुवेदी | का.वा. वडा अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री रामकुमार थापा | का.वा. वडा अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | *अनुपस्थित* |
| १२ | श्री श्रीप्रसाद सुव्वा | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री कृष्णप्रसाद रिजाल | का.वा. वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १४ | श्री ब्रमज्ञ भट्टराई | का.वा. वडा अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | उपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | उपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २४ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २६ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २७ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |

| अन्य उपस्थितिः- | | | | |
|---|---|---|---|---|
| १ | श्री सुमन घिमिरे | प्रमुख प्रशासकिय अधिकृत | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री गणेश प्रसाद खतिवडा | व.सा.वि.अ. | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री खगेन्द्र प्रसाद खतिवडा | व.प्र.अ. | ध.उ.म.न.पा. | उपस्थित |
| ४ | श्री सुरज श्रेष्ठ | व.इ. | ध.उ.म.न.पा. | उपस्थित |
| ५ | श्री भेषराज अधिकारी | व.ले.अ. | ध.उ.म.न.पा. | उपस्थित |

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कार्यपालिका वैठक संख्या : १४, मिति २०७५/०२/३०, समय : ३:३० बजे,

निर्णय नं। १ प्रमुख प्रशासकिय अधिकृतसंग परिचय आदान-प्रदान

धरान उपमहानगरपालिकामा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत (सहसचिव) श्री सुमन घिमिरेलाई स्वागत गर्दै परिचय आदान प्रदान गरियो ।

निर्णय नं. २ : **राहत तथा सहयोग प्रदान गर्ने सम्बन्धमा :**

मिति २०७५/०१/२६ मा आएको हावाहुरीले सर्वसाधारणको घर तथा भौतिक धनमाल नोक्सान गरेको हुँदा तपसिल बमोजिमका व्यक्तिहरुलाई राहत स्वरुप आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

क) गंगामाया तामाङ, धरान ४ - रु. ७०००/- (सात हजार मात्र ।)
ख) सुखमाया विश्वकर्मा, धरान ४ - रु. ५०००/- (पाँच हजार मात्र ।)
ग) श्यामकुमार लिम्वु, धरान ११ - रु. १०,०००/- (दश हजार मात्र ।)
घ) राजेश वि.क., धरान ११ - रु. ३०००/- (तीन हजार मात्र ।)
ङ) दुर्गा बहादुर लिम्वु, धरान ४ - रु. ५०००/- (पाँच हजार मात्र ।)
च) शान्त बहादुर थापा, धरान १६ - रु. ७०००/- (सात हजार मात्र ।)
छ) मान बहादुर परियार, धरान १४ - रु. ६०००/- (छ हजार मात्र ।)
ज) रमेश प्रधान, धरान १४ - रु. ५०००/- (पाँच हजार मात्र ।)
झ) ईन्द्रे विश्वकर्मा, धरान ११ - रु. ३०००/- (तीन हजार मात्र)

निर्णय नं. ३ : जेष्ठ नागरीक आवाश सम्बन्धमा ।

धरान जेष्ठ नागरीक मिलन केन्द्रले आवाश निर्माणको लागि दिनु भएको निवेदन सम्बन्धमा छलफल गरियो ।

निर्णय नं. ४ : जरिवाना रकम सम्बन्धमा ।

धरान ९ बस्ने घरधनी श्री प्रकाशकुमार श्रेष्ठले एकीकृत सम्पत्ती कर बुझाउँदा प्राविधिक कारणबाट कर बुझाउन छुट हुन गएको करको जरीवाना छुट माग भएको सम्बन्धमा छलफल हुँदा यस सम्बन्धमा कार्यविधि निर्माण भए पछि मात्र आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ : तेश्रो नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको तेश्रो नगर सभा यही २०७५/०३/१० गते आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : विविध ।

क) विद्यालयको नाम परिवर्तनका सम्बन्धमा ।

हाल सञ्चालनमा रहेका तपसिल बमोजिमका विद्यालयहरुले विद्यालयको नाम परिवर्तन गरी पाउँ भनि आवश्यक कागजपत्र सहित माग सम्बन्धमा छलफल हुंदा विद्यालयमा रहेका शैक्षिक अभिलेखहरु सुरक्षीत राख्ने गरी नाम परिवर्तन गर्ने निर्णय गरियो ।

तपसिल

| साविकको नाम | परिवर्तन गरिएको नाम |
|---|---|
| पृथ्वी क्याम्ब्रीज स्कूल | युनाईटेड ईङ्गिलिस स्कूल |
| सनराइज वोर्डिङ स्कुल | विद्या भुषण स्कुल |

ख) विद्यालयको नामसारी दस्तुर सम्बन्धमा :

विद्यालयको नाम परिवर्तन गर्दा लिने शुल्क निर्धारण हुन बाँकी रहेको हुँदा आगामी नगरसभाबाट अनुमोदन गराउने गरी हाललाई संस्थागत विद्यालयको नाम परिवर्तन गर्दा लाग्ने नामसारी दस्तुर रु. ५०००/-(पाँच हजार मात्र ।) निर्धारण गर्ने निर्णय गरियो ।

ग) काज अनुमोदन सम्बन्धमा :

धरान उपमहानगरपालिका वडा नं. १ स्थित श्री सरस्वती आधारभूत विद्यालय धरानबाट हाल ललितपुर जिल्ला जन उदय माध्यामिक विद्यालय सैबुमा मिति २०६९/१२/२० देखि काजमा कार्यरत् अस्थायी प्रा. शिक्षक श्री कमला वन गिरीलाई २०७४ चैत्र देखि ६ महिनासम्मको लागि काजमा पठाईएको काजलाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ) कार्यवाहक सुविधा सम्बन्धमा :

विभिन्न समयमा वडाहरुमा वडाअध्यक्षहरुले वडा सदस्यलाई कार्यवाहक दिने गरिएकोमा महिनामा १५ दिन भन्दा बढि कार्यवाहक भई कार्य गर्ने वडा सदस्यलाई वडा अध्यक्षले पाउने सुविधाबाट कट्टा हुने गरी दामासाहिले हुन आउने सुविधा मिति २०७५ जेष्ठ महिना देखि लागु हुने गरी निर्णय गरियो ।

ङ) खानेपानी सम्बन्धमा :

धरान ४ स्थित डुम्रे शिखरवास क्षेत्रका नगरवासीले जोरधारे खानेपानी मुहानबाट खानेपानी ल्याउने सम्बन्धमा गरेको मागका सम्बन्धमा छलफल हुँदा उपभोक्ताले खानेपानी उपभोग गर्दा पानीको मिटर राखी महशुल उठाउने व्यवस्था समेत गर्ने गरी मुहानबाट १.५" (डेढ ईन्च) मात्र साईजको पाईप शुरु गरी पछि १" (एक ईन्च) साईजको पाईपबाट मात्र पानी ल्याउन पाउने गरी सहमती दिने निर्णय गरियो ।

ङ) पदरिक्त सम्बन्धमा :

धरान उपमहानगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री भुपेन्द्रराज मोक्तानको यही २०७५ जेष्ठ २ गते असामयिक निधन भएको हुँदा उक्त वडाको वडा अध्यक्ष पद रिक्त भएको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र निर्वाचन आयोगमा पठाउने निर्णय गरियो।

च) धरौटी रकम मुद्यती खातामा राख्ने सम्बन्धमा :

कार्यपालिकाको मिति २०७५/०१/०६ मा कार्यालयको धरौटी खातामा रहेको रकम निष्कृय भई बसेकोले उक्त धरौटी रकमलाई "क" वर्गका बैंकहरुमध्ये प्रतिस्पर्धा गराई मुद्दतिमा राख्ने निर्णय भएकोमा प्रतिस्पर्धालाई अझ फराकिलो पार्न उक्त धरौटीमध्ये रु. तीन करोड सम्मको रकमलाई ब्याज आउने गरी धरानस्थित "क" वर्गका बैंक वा "ख" वर्गका बैंकको मुख्य कार्यालयहरूलाइ खुला सूचनाद्वारा प्रतिस्पर्धा गराई ब्याज लगायतका अन्य सुविधाहरु प्राप्त हुने गरी एक वर्षको लागि मुद्दति खातामा राख्ने गरी उक्त निर्णयलाई संशोधन गर्ने ।

छ) पूर्वाञ्चल क्याम्पस धरानलाई सहयोग सम्बन्धमा :

धरानमा रहेको त्रिभुवन विश्वविद्याल अन्तर्गतको ईन्जिनियरिङ क्याम्पसले Land and Water Engineering विषयमा M.Sc. कक्षा सञ्चालनको लागि सहयोग माग गरेकोमा यस नगरपालिकाको शिक्षा समितिको २०७५/०१/२१को निर्णय अनुसार गरेको सिफारिस अनुसार चालु आ.व.मा शिक्षा सम्बन्धी कार्यक्रमको लागि विनियोजित बजेटबाट उक्त क्याम्पसलाई रु.२,००,०००/- दुई लाख मात्र उपलब्ध गराउने निर्णय गरियो।

ज) निर्णय अनुमोदन सम्बन्धमा

चालु आर्थिक वर्षमा बालमैत्रि घोषाणा गर्ने वडाहरु मध्ये वडा नं. १४ र १५ ले ले बालमैत्री काम गर्न बजेट अभाव भएकोले थप बजेट माग गर्नु भएकोमा चालु आर्थिक वर्षको वडा नं. १२ को बालबालिका लक्षित बजेटबाट वडा नं. १३ का लागि रु. ५०,०००/- र वडा नं. १४ का लागि रु. ५०,०००/- बालवालिकाको कार्यक्रममा खर्च गर्ने स्विकृती दिने गरी नगरप्रमुखबाट मिति २०७५/०२/२८ मा भएको निर्णयलाई अनुमोदन गर्ने ।

झ) सम्झौता गर्ने सम्बन्धमा ।

चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रमहरु संचालन गर्न उपभोक्ता समिति तथा संघसंस्थाहरुसंग २०७५ जेठ मसान्तसम्म सम्झौता गरी कार्यान्वयन गर्ने र सो समय पछि कुनै विपद् वा आकस्मिक रुपमा वा अत्यावश्यक कार्य मात्र नगरप्रमुखको निर्णयानुसार संझौता गरी कार्यान्वयन गर्ने ।